# मरिण राजपत्र

**मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ६ मरिण, कार्तिक २५ गते, २०८० साल संख्या १२**

## भाग २

## मरिण गाउँपालिकाको कोशेली घर (बिक्री केन्द्र) सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

मरिण गाउँपालिकाको स्थानीय स्रोत, सीप, प्रविधि र साधन प्रयोग गरि स्थानीय उद्यमशीलता मार्फत् उत्पादित हस्तकला, घरेलु उद्योगबाट उत्पादित सामग्री र अन्य सामग्रीहरु समेतको बिक्री वितरण गर्न, बजारीकरण गर्न सिप सिकेकाहरुलाई उत्पादनमा थप प्रोत्साहन गर्न, स्वरोजगार बनाउन, बान्छनिय भएकाले मरिण गाउँपालिकाको साझेदारीमा कोशेली घर (बिक्री केन्द्र) सञ्चालन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ वमोजिम यो कोशेली घर (बिक्री केन्द्र) सञ्चालन कार्यबिधि, २०८० निर्माण गरिएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम कोशेली घर (बिक्री केन्द्र) सञ्चालन कार्यबिधि, २०८० रहेको छ ।

(२) यो कार्यविधी मरिण गाउँ कार्यपालिकाले स्वीकृत गरे पछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) **“गाउँपालिका”** भन्नाले मरिण गाउँपालिका भन्ने बुझ्नु पर्दछ ।

(ख) **“साझेदार”** भन्नाले गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिने कोशेली घर (बिक्री केन्द्र) सञ्चालन कार्यमा सहयोग गर्ने संस्था (गाउँपालिकाद्वारा प्रबर्द्धन गरिएको) वा व्यक्ति भन्ने सम्झनु पर्दछ ।

(ग) **“उद्यमी”** भन्नाले स्थानिय सीप, प्रबिधि, श्रोत साधनको प्रयोग गरि उत्पादित सामग्री हेण्डिक्राफ्ट तथा स्थानीय उत्पादन सम्वन्धी अन्य व्यवसायमा संलग्न व्यक्ति वा समूह भन्ने बुझ्नु पर्दछ ।

(घ) **“कोशेली घर (बिक्री केन्द्र)**" भन्नाले उद्यमीहरुले उत्पादन गरेका वस्तुहरु विक्री वितरण गर्नका लागि खोलिएको पसल भन्ने सम्झनु पर्दछ ।

(ङ) **“वस्तु”** भन्नाले व्यवसायीहरुले उत्पादन गरेको सामान समेतलाई जनाउँछ ।

(च) **“क्रेता”** भन्नाले कोशेली घर (बिक्री केन्द्र) मा उपलब्ध वस्तु वा सेवा खरिद गर्ने व्यक्ति वा समूह सम्झनु पर्दछ ।

(छ) **“सेवा”** भन्नाले कोशेली घर (बिक्री केन्द्र) वाट प्रवाह गरिने सम्पूर्ण सेवाहरू सम्झनु पर्दछ ।

(ज) **"समिति”** भन्नाले कोशेली घर (बिक्री केन्द्र) सञ्चालन समिति भन्ने सम्झनु पर्दछ ।

३. **कार्यविधिको उद्देश्यः** (१) घरेलु कपडा तथा हेण्डिक्राफ्ट र स्थानीय उत्पादनसंग सम्वद्ध व्यवसायीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थहरु सुलभ मूल्यमा उपलव्ध हुने वातावरणको श्रृजना गर्ने ।

(२) उल्लिखित व्यवसायहरुमा संलग्न व्यवसायीहरु, श्रमिकहरुलाई आफ्नो श्रमको उचित मूल्य पाउने वातावरणको सृजना गर्ने ।

(३) उल्लिखित व्यवसायहरुमा संलग्न व्यवसायीहरुले उत्पादन गरेको वस्तुहरुको प्रवर्द्धन तथा वजारीकरणमा सहयोग गर्ने ।

(४) उल्लिखित व्यवसायहरुमा गाउँका न्यून आय भएका, आर्थिक रुपमा कमजोर रहेका महिला, दलित, आदिवासी जनजाति, अल्पसङख्यक, सिमान्तकृत, पिछडिएका समुदाय तथा युवाहरुको संलग्नता अभिवद्धि गरि उनीहरुको जीबिकोपार्जनमा सहयोग पुर्याउने ।

(५) स्थानीय ज्ञान, सीप, दक्षता र अनुभवलाई समया अनुकुल प्रवर्द्दनको लागि सहजीकरण गर्ने।

४. **कोशेली घर (बिक्री केन्द) सञ्चालन तथा व्यवस्थापनः** (१) कोशेली घर (बिक्री केन्द्र) लाई प्रभावकारी, व्यवस्थित एवं दिगो रुपमा सञ्चालन गर्नका लागि देहाय अनुसारका क्रियाकलापहरु अवलम्वन गरिनेछ ।

(२) कोशेली घर संचालनको लागि गाउँपालिकाले निर्धारित भाडा दरमा सूचना प्रकाशित गरि भाडामा लगाउन सक्नेछ ।

(३) कोशेली घर (बिक्री केन्द्र) सञ्चालनको लागि घरेलु कपडा (ढाका) उद्योगबाट उत्पादित कपडा तथा सामग्री वा हेण्डिक्राफ्ट र स्थानीय उत्पादनसँग सम्वन्धित व्यवसायमा संलग्न गाउँपालिकाद्धारा प्रबर्द्धित उचित संस्था वा व्यक्तिको पहिचान गरि निज संस्था वा व्यक्तिसंग सम्झौता गरी सञ्चालन गरिनेछ, जसको सम्पूर्ण व्यवस्थापकीय जिम्मा सम्वन्धित संस्था वा व्यक्तिको नै रहनेछ ।

(४) कोशेली घर (बिक्री केन्द्र) सञ्चालन गर्ने संस्था वा व्यक्तिले गाउँ क्षेत्रमा उत्पादन भएका ढाका कपडा तथा हेण्डिक्राफ्ट र स्थानीय उत्पादनसँग सम्वन्धित अन्य उत्पादनहरु उचित मूल्य प्रदान गरी वढि भन्दा वढि संकलन तथा बिक्री गर्नेछ ।

(५) उल्लिखित उद्यमीहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ, मेसिन औजार उचित मूल्यमा कोशेली घरमा नै उपलव्ध हुने व्यवस्था कोशेली घरले समेत उपलब्ध गराउन सक्नेछ ।

(६) उल्लिखित व्यवसायहरुवाट उत्पादित वस्तुहरुको प्रवर्द्धन, वजारीकरण तथा गुणस्तरीय उत्पादनमा जोड दिईनेछ ।

(७) गाउँपालिकाको तर्फवाट सहभागी हुनु पर्ने कुनै पनि मेला, प्रर्द्धशनी आदिमा कोशेली घर सञ्चालकलाई प्राथमिकताका साथ सहभागी गराईने छ ।

(८) कोशेली घर(विक्री केन्द्र)मा स्थानीय उत्पादन र कच्चा पदार्थद्वारा उत्पादित बस्तुको मात्र विक्री वितरण गर्नुपर्नेछ । अन्य वाह्य उत्पादन राख्नु पर्ने भएमा समितिसँग समन्वय गरेर मात्र राख्नु पर्नेछ ।

५. **खरिद तथा विक्री मूल्य तथा भाडा दर निर्धारणः** (१) उल्लिखित वस्तु उत्पादनमा संलग्न उद्यमीहरु/श्रमिकहरुलाई आफ्नो श्रमको उचित मूल्य अथवा पारिश्रमिक पाउने अवस्थाको सुनिश्चितता गर्न, उत्पादित वस्तुहरु सर्वसुलभ मूल्यमा अत्यधिक मात्रामा विक्री वितरण गर्नका

लागि तपसिल बमोजिमको मूल्य निर्धारण समिति गठन गरिनेछ । साथै कोशेली घर व्यवस्थानको लागि घर भाडाको दर समेत यस समितिले नै निर्धारण गर्नेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (घ) कोशेली घर सञ्चालक | - सदस्य |
| (ङ) गाउँपालिका प्रमुखले तोकेको व्यवसायीको तर्फवाट १ जना | - सदस्य |
| (च) स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि | - सदस्य |
| (छ) आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य-सचिव |

(२) समितिको बैठक वसि तत्कालीन वजार भाउ, लागत विश्लेषण आदिको आधारमा खरिद तथा विक्री मूल्य तथा भाडा दर तय गरिनेछ ।

(३) समितिको बैठकमा गाउँपालिकाको आर्थिक विकास समितिको संयोजक र सामाजिक विकास शाखा प्रमुख, लघु उद्यम विकास सहजकर्तालाई आमन्त्रित सदस्यको रुपमा राख्नु पर्नेछ । आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

६. **लाभांश वितरणः** (१) कोशेली घर (बिक्री केन्द्र) सञ्चालनवाट प्राप्त भएको कुल आम्दानी रकमवाट सम्पूर्ण खर्च रकम घटाई बाँकी रहेको मुनाफा रकमवाट लागत सहभागीताको आधारमा गाउँपालिका र साझेदार वीच भएको सम्झौताका आधारमा लाभांश वितरण गरिनेछ ।

(२) यसका लागि साझेदार संस्था वा व्यक्तिले दैनिक खरिद/विक्री तथा अन्य कारोवारको अभिलेख राख्नेछ ।

(३) उल्लिखित अभिलेखको रुजु मासिक रुपमा समितिले गर्नेछ ।

(४) कोशेली घर सञ्चालनको क्रममा प्राप्त भएको खुद मुनाफा रकमवाट लागत सहभागिताको आधारमा प्राप्त हुने हिस्सा गाउँपालिकालाई वुझाउनु पर्नेछ भने बाँकी हिस्सा साझेदार आफैले राख्नेछ । मुनाफा प्रतिसत हेरफेर गर्न आबश्यक देखिएमा कोशेली घर संचालन तथा कार्यान्वयन समितिको निर्णय अनुसार गर्न सकिनेछ ।

(५) कोशेली घर सञ्चालनका लागि भाडा दर निर्धारण भई भाडामा कोशेली घर सञ्चालन भएको अवस्थामा मुनाफाको हिस्सा कोशेली घर सञ्चालकले गाउँपालिकालाई दिनुपर्ने छैन।

७. **कोशेली घर संचालनका लागि बजेट ब्यवस्थापनः** (१) उल्लिखित कोशेली घरलाई दिगो रुपमा सञ्चालन गर्नका लागि तपसिल बमोजिम बजेट ब्यबस्थापन गरिने छ ।

(क) गाउँपालिकाबाट कोशेली घर सञ्चालन गर्न छुट्याएको रकम,

(ख) कोशेली घर सञ्चालन गर्ने संस्था वा व्यक्तिले गर्ने लागत सहभागिताको रकम,

(ग) संघ र प्रदेशबाट अनुदान प्राप्त रकम,

(घ) बिभिन्न संघ संस्था वा साझेदार दातृ निकायबाट अनुदान प्राप्त रकम,

(ङ) उल्लिखित कोशेली घर सञ्चालन गर्न दान दातव्यबाट प्राप्त रकम ।

८. **लागत साझेदारीः** (१) कोशेली घर स्थापना तथा यसको दिर्घकालीन सञ्चालनका लागि शुरुमा प्रारम्भिक लागत अनुमानको ७५ प्रतिशत रकम गाउँपालिकाबाट र २५ प्रतिशत रकम साझेदार संस्था वा व्यक्तिवाट व्यहोरिनेछ । यदी कोशेली घर भाडामा सञ्चालन हुने अवस्थामा गाउँपालिकाबाट लागत साझेदारी ब्यहोर्नु पर्ने छैन ।

(२) कोशेली घर (बिक्री केन्द्र) को सजावट तथा व्यवस्थापन पहिलो पटक मरिण गाउँपालिकाले गर्नेछ । सोको स्वामित्व गाउँपालिकाको नै रहनेछ ।

९. **कोशेली घर संचालन तथा कार्यान्वयन समितिः** (१) कोशेली घर सञ्चालन गर्नका लागि देहाय अनुसारको समिति गठन गरिनेछ,

| | |
|---|---|
| (क) आर्थिक विकास समितिको संयोजक | - संयोजक |
| (ख) सम्बन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| (ग) सामान्य प्रशासन शाखा प्रमुख | - सदस्य |
| (घ) स्टोर शाखा प्रमुख | - सदस्य |
| (ङ) कृषि विकास शाखा प्रमुख | - सदस्य |
| (च) योजना शाखा प्रमुख | - सदस्य |
| (छ) गाउँपालिका अध्यक्षले तोकेको बस्तु उत्पादकहरुको प्रतिनिधि | - सदस्य |
| (ज) कोशेली घर सञ्चालक | - सदस्य |
| (झ) उद्यम विकास सहजकर्ता | - सदस्य सचिव |

१०. **कोशेली घर संचालन तथा कार्यान्वयन समितिको काम कर्तव्य र अधिकारः**

(क) कोशेली घर सञ्चालन सम्बन्धी योजना निर्माण तथा कार्यान्वयनमा सहयोग गर्ने,

(ख) योजना कार्यान्वयन गर्न आवश्यक श्रोत/बजेट सुनिश्चितता गर्ने,

(ग) कोशेली घरलाई दिगो रुपमा सञ्चालनार्थ श्रोत संकलनका लागि सरकारी, गैरसरकारी, विकास साझेदार तथा निजी क्षेत्रका संघ संस्थाहरूसँग समन्वय गर्ने,

(घ) कोशेली घरवाट सञ्चालित कारोवारको नियमित अनुगमन गरी सम्बन्धित पक्षलाई सुझाव दिने,

(ङ) कोशेली घर सञ्चालनको क्रममा कुनै समस्याहरु आई परेमा सोको निरुपण गर्ने, नियमित मासिक बैठक बस्ने, कारोवारको आवश्यक सल्लाह तथा सुझाव दिने/लिने सोको रुजु गर्ने,

११. **बैंक खाता सञ्चालनः** (१) कोशेली घरको आर्थिक कारोवारलाई चुस्त दुरुस्त एवं पारदर्शी रुपमा सञ्चालन गर्नका लागि कोशेली घर सञ्चालन गर्ने साझेदार संस्थाको प्रमुख १ जना र मरिण गाउँ कार्यपालिकाको कार्यालयले तोकेको १ जना कर्मचारी गरि २ जनाको संयुक्त दस्तखतवाट सञ्चालन हुने गरी छुट्टै बैंक खाता खोली सञ्चालन गरिनेछ ।

१२. **रकम भुक्तानी तथा प्रगति प्रतिवेदनः** (१) साझेदार संस्था वा व्यक्तिसँग कोशेली घर सञ्चालनका लागि औपचारिक रुपमा सम्झौता सम्पन्न भए पश्चात सम्झौतामा उल्लिखित शर्तहरुको अधीनमा रहि साझेदारको माग निवेदन वमोजिम गाउँपालिकाले साझेदार संस्था वा व्यक्तिलाई बैंक खाता मार्फत् रकम उपलव्ध गराउनेछ,

(२) कोशेली घरवाट सञ्चालित सम्पूर्ण कारोवारहरुको विवरण समेटी मासिक प्रगति प्रतिवेदन तयार गरि साझेदार संस्था वा व्यक्तिले गाउँपालिकामा पेश गर्नु पर्नेछ,

(३) लाभांश वितरणको हकमा बुँदा नं. ६.४ मा उल्लेख गरिए अनुरुप हुनेछ ।

१३. **खारेजी र बचाउः** (१) यो कार्यविधि लागू हुनु पूर्व यससँग सम्बन्धित भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

१४. **बाधा अड्काउः** यस कार्यविधि कार्यान्वयनको चरणमा द्विविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

मरिण गाउँपालिका